# बाल प्रतिभा

विद्यालयमा विपद् व्यवस्थापन सचेतनाका लागि



प्रत्येक विद्यालय सुरक्षित विद्यालय !!
सुरक्षित भविष्य, सुरक्षित राष्ट्र

Government of Nepal
Ministry of Education
Department of Education

Funded by
European Union
Humanitarian Aid
and Civil Protection

**बाल प्रतिभा**

विद्यालयमा विपद् व्यवस्थापन सचेतनाका लागि

**सल्लाहकार**

श्री कुमार भट्टराई

श्री शारदादेवी कुमाल

श्री शुभेन्द्रमान श्रेष्ठ

**सम्पादन**

श्री डिल्लीराम सुवेदी

श्री राजेन्द्र पहाडी

श्री लवराज ओली

श्री राम गैरे

**संयोजन**

श्री महिमा प्रधान

**प्रकाशक**

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई–नेपाल)

बबरमहल, काठमाण्डौ, नेपाल, पो ब नं. १४४२१

फोन : +९७७ १ ६२०३००९

बेभसाइटः www.ncenepal.org.np

प्रकाशन सहयोग

बालबालिका केन्द्रित विपद् व्यवस्थापन समूह

लेआउट/मुद्रण

पेन्टाग्राम प्रा लि.

प्रथम संस्करण: २०७३ (५०० प्रति)

सर्वाधिकारः प्रकाशक

# बाल प्रतिभा

विद्यालयमा विपद् व्यवस्थापन सचेतनाका लागि

प्रत्येक विद्यालय सुरक्षित विद्यालय !!
सुरक्षित भविष्य, सुरक्षित राष्ट्र

# शुभेच्छाका केही शब्दहरु

तपाईले अहिले पढिरहनु भएको यो बाल प्रतिभा नामक पुस्तक विद्यालयमा विपद् व्यवस्थापन सचेतनाका लागि तयार गरी प्रकाशन गरिएको हो । विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकाले विपद्का बेला विद्यालयमा पर्ने असरका बारेमा उनीहरुलाई लागेका कुरा निबन्धका रुपमा लेखेर तयार पारेका सामग्रीहरु यसमा संकलित छन् ।

यस पुस्तकमा समेटिएका सामग्रीहरुको संकलन गरी पुस्तकको स्वरुप दिएर छपाई र वितरण गर्ने काम शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) ले गरेको हो । सन् २००३ मा सबैका लागि शिक्षा अधिकार सुनिश्चितताको लागि शिक्षाका लागि विश्व अभियानको अंगका रुपमा स्थापित यस अभियानले एक नागरिक आन्दोलनको स्वरुपमा आफूलाई स्थापित गरिसकेको छ ।

समतामूलक र बालबालिकाका निम्ति सुरक्षित समाज निर्माणका लागि विभिन्न तहमा नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खबरदारी गर्दै अगाडि बढिरहेको यस अभियान नेपालका प्रत्येक विद्यालयलाई विपद्बाट सुरक्षित बनाउने महान अभियानमा सरिक रहेको छ । यसक्रममा २०७२ साल बैशाख १२ र २९ गते आएको विनाशकारी भूकम्प पश्चात् शुरु गरिएको विपद्मा शिक्षाः सहयोग तथा अनुगमन मञ्च नामक विभिन्न सञ्जालहरुको संयुक्त प्रयासमा विभिन्न कार्यक्रमहरु सञ्चालन भै आएका छन् । यस अभियानले बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूहसँगको सहकार्यमा पनि नीतिगत पैरवी तथा सचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

यसै सन्दर्भमा विपद्बारे बालबालिकाको ज्ञान, अनुभव तथा सिकाइलाई संकलन गरी सबै माझ उजागर गर्ने र जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले “DIPECHO 8” अन्तर्गतको बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूहको सहयोगमा यो पुस्तक प्रकाशन गर्ने जमर्को गरिएको छ । यस पुस्तकमा संकलित सम्पूर्ण लेख तथा रचनाहरु बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूहद्वारा परियोजना संचालन गरेका जिल्लाका विद्यालयहरुमा अध्ययनरत बालबालिकाका हुन् ।

यसरी यस पुस्तकका निम्ति लेख-रचनाहरु पठाउनु हुने सम्पूर्ण बालबालिकाप्रति अभियानका तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसै गरी विद्यालयहरुबाट लेख तथा रचनाहरु संकलन गरी सहयोग गर्नु भएका संघसंस्थाहरु (सामुदायिक विकास केन्द्र, डोटी, इन्प्रेड नेपाल, गाजा युवा क्लब, किर्डार्क, नेपाल रेडक्रस सोसाइटी तथा युनेस्को क्लब बाँके) लाई पनि धन्यवाद ज्ञापन गर्दछु । यस क्रममा यस पुस्तक निर्माणका लागि प्राविधिक सल्लाह सुझाव तथा आर्थिक सहयोग गर्नु हुने बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूहलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । अन्तिममा, यस पुस्तक प्रकाशनलाई सम्भव बनाउनका लागि योगदान दिनु हुने सल्लाहकार समूह, सम्पादन टोली र शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल सचिवालयका सम्पूर्ण कर्मचारीहरुप्रति हृदयदेखि आभार प्रकट गर्न चाहन्छु ।

धन्यबाद ।
कुमार भट्टराई
अध्यक्ष
शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल

# शुभकामना सन्देश

बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण परियोजना मुख्यतया बृहत्तर विद्यालय सुरक्षा ढाँचालाई कार्यान्वयन गर्दै विद्यालय सुरक्षालाई प्रबर्द्धन र सबल बनाउने उद्देश्य राखी यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग तथा नागरिक सुरक्षा विभाग अन्तगर्तको १८ महिने "DIPECHO VIII" को परियोजना हो । यो परियोजना बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण समूहको संयुत्त प्रयासमा नेपालका ६ वटा जिल्लाहरुको जम्मा ६२ वटा विद्यालयमा पाइलट परियोजनाको रुपमा थालनी गरिएको छ । समूहमा रहेको प्लान इन्टरनेशनल नेपालले बाग्लुङ र पर्वत, सेभ द चिल्ड्रेन इन्टरनेशनल नेपालले कालिकोट र बाँके तथा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले कैलाली र डोटीमा यो परियोजना सञ्चालन गरेका छन् भने युनिसेफ तथा यु एन ह्याविटाट (UNHABITAT) यसका रणनीतिक सदस्यका रुपमा रहेका छन् । नेपाल सरकारका तर्फबाट शिक्षा विभागले यस परियोजनाको नेतृत्व गर्दै आएको छ भने यसले प्राविधिक सहयोगका लागि राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्रसँग समन्वय गरी काम गर्दै आएको छ । विद्यार्थीलाई केन्द्रमा राखि यस परियोजनाले शिक्षकको बौद्धिक विकास गरी विद्यालय सुरक्षाको अवधारणालाई विद्यार्थी तथा समाजलाई शिक्षाको माध्यमबाट विपद् उत्थानशीलताको लागि सशक्त बनाउने प्रयास गरेको छ ।

यसै परियोजना अनुसार विभिन्न अवसरको बेलामा विद्यालयमा गरिने विविध कार्यक्रम अन्तर्गत जनचेतना अभिबृद्धि गर्ने तथा विद्यार्थीको सिकाइलाई विश्लेषण गर्ने क्रममा चित्र प्रतियोगिता, परिवार घरायसी सुरक्षा योजना प्रतियोगिता, निबन्ध प्रतियोगिता, कविता प्रतियोगिता तथा नाचगान प्रतियोगिताहरु सञ्चालन गरिएको थियो जसलाई समावेश गरी यो पुस्तक प्रकाशित गरिएको छ । यो पुस्तक ती सम्पूर्ण विद्यार्थीमा समर्पित गरिएको छ जसको प्रयासले यो सम्भव भएको छ ।

॥ विद्यार्थीको रचना विद्यार्थीमा नै सर्मपण ॥

**बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण समूह**

# बिषय सुची


| | |
|---|---|
| सुरक्षित विद्यालय | २ |
| सुरक्षित विद्यालय | ४ |
| सुरक्षित विद्यालय | ६ |
| विपद् व्यवस्थापनमा नागरिकको भूमिका | ८ |
| देउडा गित आगलागी | १० |
| गितको बोल नृत्य | १२ |
| विपद्को बेदना | १५ |
| आशा | १९ |
| कठै बरा | २१ |
| तीज | २३ |
| "विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका" | २५ |
| मनको बेथा | २८ |
| जनचेतना अघि सर्‍यो | ३० |
| देश | ३१ |
| चित्रहरु | ३२ |



# लेख तथा रचनाहरू

# सुरक्षित विद्यालय

**सुजाता थापा, कक्षा : ९**
श्री जनता मा वि, बाग्लुङ




**चित्रः आलोक सहकारी, कक्षाः ८**
श्री जनता उ मा वि, कालीकोट

सुरक्षितको शाब्दिक अर्थलाई हेर्दा कुनै पनि हानी नाक्सानी नभएको र विद्यालय भन्नाले धेरै विद्यार्थीहरु विद्या आर्जन गर्ने संस्था हो । सुरक्षित विद्यालय यस्तो विद्यालयलाई भनिन्छ, जुन विद्यालयमा विभिन्न प्रकारका प्राकृतिक तथा मानवीय कार्यबाट आउने समस्याहरु नभएको विद्यालयलाई नै सुरक्षित विद्यालय भनिन्छ ।

विद्यालय यस्तो संस्था हो जहाँ बालबालिकाहरु आफ्नो परिवार, समाज र राष्ट्रको विकासका लागि विभिन्न प्रकारका आफ्नो भविष्यको सपना बोकेर आएका हुन्छन् । त्यसैले एउटा विद्यालय असुरक्षित हुनु भनेको सयौं विद्यार्थी र शिक्षक जोखिममा पर्नु हो । त्यसैले हामीहरुको विद्यालयलाई सुरक्षित बनाउनु र विद्यालय सुरक्षा सम्बन्धी विभिन्न प्रकारका कुराहरुको बारेमा जानकारी दिनु वा विद्यालय सुरक्षा सम्बन्धी तालिम दिनु पनि हो । विद्यालय सुरक्षित भयो भने बालबालिकाहरुले डर र त्रासरहित वातावरणमा अध्ययन गर्ने गर्दछन् । यसले गर्दा बालबालिकाहरुले आफ्नो उज्वल भविष्यका सपनाहरु साकार पार्न सक्छन् । आफ्नो परिवार, समाज, देश र राष्ट्रको लागि नै असल र योग्य नागरिक बन्न

सक्छन् । विद्यालय सुरक्षित हुनु भनेको सयौं विद्यार्थी र शिक्षक सुरक्षित हुनु हो । त्यसैले विद्यालय सुरक्षित भएमा विद्यार्थीहरुले बालमैत्री तरिकाले अध्ययन गर्न सक्छन् ।

विद्यालय सुरक्षित हुनु एकदमै आवश्यक रहेको हुन्छ किनभने जसरी हामीहरुलाई गास, बास र कपासको आवश्यकता रहेको हुन्छ, त्यसै गरी विद्यालय पनि सुर क्षित हुनु एकदमै आवश्यकता रहेको हुन्छ । सुरक्षित विद्यालय हुनका लागि निम्न कार्यहरुको आवश्यकता रहेको हुन्छ । जस्तै विद्यालय भूकम्प प्रतिरोधात्मक हुनुपर्दछ । त्यसैगरी विद्यालय ठूलो खोल्सा र कमजोर पहाड नजिकै हुनु राम्रो हुँदैन । त्यसैगरी अपाङ्गता भएका विद्यार्थीको लागि पनि उनीहरुले जान्ने बुझ्ने भाषामा तिनीहरुलाई पनि विभिन्न प्रकारका विपद्हरुको बारेमा जानकारी दिनुपर्छ । त्यसैगरी नेपालको तराई क्षेत्रमा रहेको विद्यालयहरु कटानहरुले वा बगरले पुर्ने ठाउँमा हुनु हुँदैन । यदि भएतापनि त्यहाँ कुनै प्रकार को समस्या नभएको ठाउँमा विद्यालय हुनुपर्छ । त्यसै गरी विद्यालयमा विद्यार्थीको, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र विद्यार्थीहरुले विद्यालयमा कुनै पनि प्रकारको विपद् आइलागेमा त्यो समस्याको समाधन गर्ने र विपद् आएर उद्धार गर्नुभन्दा विपद् आउनै नदिनु बुद्धिमानी हुन्छ । तैपनि यदि विपद् आइलागेमा तिनीहरुको समाधन गर्न सकिने उपायहरु पहिलै नै अपनाइएको हुनुपर्दछ । जुनसुकै समयमा पनि विपद् आउने भएकोले मासिक पात्रो बनाउने र त्यही पात्रो अनुसार अभ्यास गरिनु झनै उत्तम हुन्छ र अभ्यास गर्नका लागि जस्तैः विद्यालयका एकजना शिक्षकले सिट्ठी बजाउने र विद्यार्थीहरुलाई भूकम्प आएको सङ्कत दिने र विद्यार्थीहरु सकभर खुल्ला ठाउँमा जाने र जाने अवस्था नभएमा आफ्नो बेन्चमुनी "ओत लागि समात घुँडा टेकी गुड्लकी" भन्ने विधि प्रयोग गर्नेछन् । त्यसैले विद्यार्थीहरुलाई पूर्व अभ्यास गराउनु एकदमै उत्तम हुन्छ । विद्यालय सुरक्षित भयो भने विद्यार्थीहरुले बालमैत्री वातावरणमा अध्ययन गर्न पाउँछन् । विद्यालय सुरक्षित हुनका लागि विद्यालयमा प्राथमिक उपचारका सामानहरु हुनु पनि एकदमै उत्तम हुन्छ । त्यसैगरी विद्यालयको कक्षा कोठामा पनि डेस्क बेन्चहरु सजिलैसगँ निस्कन सक्ने गरी बनाइएको हुनुपर्छ । त्यस्तै विद्यालयको छाना र भित्ताहरु पनि बलिया हुनुपर्छ, त्यसैगरी कक्षाकोठामा दुईओटा ढोका भएको हुनुपर्दछ र ढोका बाहिरतर्फ खोलिन सक्ने गरी बनाइएको हुनुपर्छ । विद्यालयमा शौचालय, खाने पानी, खुल्ला चौर भएको हुनुपर्दछ । विद्यालयमा खाने पानीको प्रदुषण भयो भने प्रदुषित पानीबाट सर्ने रोगहरुबाट पनि बच्न सकिन्छ । विद्यालयमा मोटर बाटोको पनि व्यवस्था भएको हुनुपर्दछ, तर बढी आवजावत भने हुनु हुँदैन । विद्यालयमा अपाङ्गता भएका बालबालिकाका लागि ह्वील चियरको पनि व्यवस्था भएको हुनुपर्दछ र विपद् आइलागेमा बस्ने ठाउँहरुको पहिले नै सुनिश्चित गर्नुपर्छ । त्यसैगरी विपद् आइलागेमा बस्ने ठाउँहरुमा जाने बाटो पनि पहिले नै सुनिश्चित गर्नुपर्छ । विद्यालयमा रेडक्रस, विद्यालयको प्रधानाध्यापकको, विद्यालय व्यवस्थापन समितिको, स्वास्थ्य चौकी आदिको फोन नम्बर पनि हुनुपर्दछ । सुरक्षित विद्यालय भयो भने हामी विद्यार्थी शिक्षक सबै सुरक्षित रहन सक्छौं । त्यसैगरी विद्यालयमा विपद् आइलागेर उद्धार गर्नुभन्दा विपद् आइलाग्न नदिनु नै बुद्धिमानी हुन्छ । त्यसैले सुरक्षित विद्यालय बनाउनु हामी सबै असल नागरिको कर्तव्य पनि हो ।



# सुरक्षित विद्यालय

**नविन परीयार, कक्षा : ९**
श्री नारायणी मा वि, बाग्लुङ



**चित्रः मनिसा सहकारी, कक्षाः ७**
श्री नन्दादेवी नि मा वि, कालीकोट

विद्याकी अधिष्ठात्री महासरस्वतीको पावन मन्दिर नै विद्यालय हो । बालबालिकाले प्रारम्भ गरेको सिकाइ क्रियाकलापको औपचारिक प्रस्थान बिन्दुका रुपमा विद्यालयलाई लिने गरिन्छ । यहाँबाट नै विद्यार्थीहरुमा ज्ञान सिप अभिवृद्धीको विकास हुने गर्दछ । विद्यालय हाम्रो अँध्यारो आत्मालाई प्रकाशमय बनाउने आस्थाको केन्द्र हो । गुरु र शिक्षकको अपूर्व मिलन केन्द्र विद्यालय व्यक्तित्व विकासको केन्द्र हो । विद्यालय मानसिक शान्ति, ज्ञान प्राप्ति र मनोरञ्जनको आस्थाको केन्द्र पनि हो ।

विद्यार्थीले राम्रोसँग ज्ञान प्राप्त गर्ने विद्यालय सुरक्षित हुनुपर्दछ किनकी विद्यालय सुरक्षित भएन भने विद्यार्थीले राम्रो ज्ञान प्राप्त गर्न सक्दैनन् । विद्यालयमा पनि विभिन्न किसिमका विपद् आइलाग्न सक्छन् । मानव वा प्राकृतिक कारण सिर्जित भएको प्रकोपबाट उत्पन्न भएको समस्या नै विपद् हो । जस्तैः भूकम्प, ज्वालामुखी, आगलागी, हावाहुरी, भु-क्षय, बाढी आदि प्रकोपले विपद् निम्त्याउन सक्दछन् । त्यस कारण विद्यालयमा पनि यस्ता कुराहरु बारे जानकारी हुनु आवश्यक हुन्छ । यस्ता प्रकोपले गर्दा कयौं विद्यालयका संरचना र शिक्षक विद्यार्थी घाइते एवं मरेको खबर हामी सुचनाका स्रोतबाट प्राप्त गर्न सक्छौं अथवा गरेका पनि छौं । त्यसैले यस्ता प्रकोपबाट बच्नका लागि विद्यालयमा सबैलाई जानकारी दिनुपर्दछ । विद्यालयका जोखिममा रहेका क्षेत्रको पहिचान र सुरक्षित

स्थानको छनोट गरी सबै विद्यार्थीलाई जानकारी दिनुपर्दछ ताकी प्रकोप निम्तियो भने पनि उनीहरु सुरक्षित स्थानतर्फ जान सकुन् । विद्यालयमा विद्यार्थीहरुलाई प्रकोप आउनु अघि, आइसकेपछी र आइरहेको समयमा के गर्ने भनी सुचना दिने र पूर्व अभ्यास गराउनु उपयुक्त हुन्छ ।

यति भएर मात्रै हुँदैन पहिला त विद्यालयको भवन पनि सुरक्षित हुनु आवश्यक हुन्छ । तसर्थ विद्यालय निर्माण गर्दा प्रकोपरहित तथा इन्जिनियरको नाप, जाँच र सल्लाह बमोजिम भवन निर्माण गर्नु उपयुक्त हुन्छ । विद्यालयमा सबैले देख्ने र भेट्ने ठाउँमा आपत्कालीन झोलाको व्यवस्था गर्नुपर्छ र उपचारमा तैनाथ हुने मानिसहरु तयार गर्नुपर्दछ । हाम्रो ग्रामीण क्षेत्रमा त यो ज्वालामुखी, हिमताल विस्फोट, बाढीको त्यति जोखिम हुँदैनन् तर भूकम्प, आगलागी, भु-क्षय जस्ता प्रकोपको अत्यन्तै जोखिम रहेको हुन्छ । ग्ल्पए को अनुसार नेपालमा हरेक बर्ष ४२० वटा प्रकोप निम्तिने गर्दछन् । तसर्थ विद्यालयको सुरक्षा गर्नु पर्दछ । यो समाजको सानो एकाइ हो । यसले नै बालबालिकाको सुन्दर भविष्य कोर्ने गर्दछ तर यो सुरक्षित भएन भने विद्यार्थीको भविष्यको रेखा कोर्ने विद्यालय अँध्यारो भविष्यको कैदी बन्दछ । विद्यालय बालबालिकाको शैक्षिक घर हो तसर्थ हामी आफू बस्ने घरको संरक्षण जति गरिन्छ त्यतिकै विद्यालयको पनि सुरक्षा गनुपर्ने हुन्छ । विद्यालय सुरक्षित र व्यवस्थित भए समाज र देशको समुन्नति सम्भव छ । त्यसैले विद्यालयको सुरक्षामा हामी सबै लाग्नु पर्दछ । विद्यालयमा विद्यार्थी डायरीको व्यवस्था गरी दैनिक सुचना टिपोट गर्न लगाउने बानीको विकास गराउनु पर्दछ ।


माथि उल्लेखित कुराहरुमा ध्यान दिई सञ्चालन भएको विद्यालयको शान्तिपूर्ण वातावरणमा विद्यार्थीले डर त्रासरहित भई अध्ययन गर्न सक्दछन् र शिक्षकले पनि निर्धक्क साथ अध्यापन गराउन सक्दछन् । साथै अविभावकले पनि आफ्ना बालबालिकाहरुलाई पढ्न विद्यालय पठाउँछन् । यसलाई नै सुरक्षित विद्यालय भन्ने गरिन्छ । समग्रमा भन्नुपर्दा विपद् जोखिम न्यूनिकरण भएको विपद्बारे सबैलाई जानकारी भएको र विपद् आइलाग्दा डर, त्रास नमानी निर्धक्क धैर्य भएर यसबारे थुप्रै ज्ञान हासिल गरेको विद्यालय सुरक्षित विद्यालय हो ।

गाजा युवा क्लब भन्ने संथाले पनि यस्ता विपद् न्यूनिकरण गर्न ठाउँ ठाउँका विद्यालयमा विभिन्न कार्यक्रमहरु पनि सञ्चालन गर्दै आइरहेको छ । हामीले पनि यस संस्थालाई हातमा हात मिलाएर हातेमालो गर्दै विपद् जोखिम न्यूनिकरण गर्ने कार्यमा अघि बढ्नु पर्दछ । विद्यालय सुरक्षित भएमा कर्तव्यप्रति प्रतिबद्ध विद्यार्थीले आफ्नो जीवनलाई प्रतिष्ठामय बनाउन सक्दछन् । सचेत, सभ्य, शिष्ट, सौम्य नागरिक भई जीवन बिताउन सक्दछन् र समाज एवम् राष्ट्रको उज्वल भविष्य कोर्न सक्दछन् । जसरी मौरीले आफ्नो कर्तव्य इमान्दारीपूर्वक पूरा गरेर मह सञ्चय जस्तो महान् कार्य गर्दछ त्यसैले विद्यालय सुरक्षित भएमा नै विद्यार्थीले अमृतमय ज्ञान प्राप्त गर्न सक्दछ ।

अत: विद्यालय हाम्रो र देशको उज्वल भविष्य कोर्ने आस्थाको केन्द्र हो । त्यसकारण यसको संरक्षण मैले है न हामी सबै मिलेर गर्नु पर्दछ । विद्यालयको समुन्नतिबाट नै हामी र हाम्रो समाज एवम् राष्ट्रको समुन्नति सम्भव छ । त्यस कारण विद्यालयमा बालमैत्री एवम् शान्तिपूर्ण वातावरणको सृजना गर्नु उपयुक्त हुन्छ । विद्यालय सुरक्षित भएमा नै देशको विकासमा टेवा पुग्दछ र विद्यालय विपद् जोखिम न्यूनिकरण र व्यक्तित्व विकास गर्न भविष्यमा पूर्ण योगदान पुग्दछ । विद्यालय सुरक्षित भएमा नै देशको आर्थिक सामाजिक पक्षमा राम्रो विकास हुन्छ किनकी विद्यालय व्यक्ति, समाज र यो राष्ट्रको सुनौलो भविष्य कोर्ने आधार हो ।

# सुरक्षित विद्यालय

**विशाल परीयार, कक्षा : ९**
श्री जनता मा वि, बाग्लुङ


चित्र: दिक्षा भण्डारी, कक्षा: ५
श्री बाल सेवा मा वि कैलाली

सुरक्षितको शाब्दिक अर्थलाई हेर्दा कुनै प्रकारको हानी नोक्सानीबाट बचाइएको वा जगेर्ना गरिएको भन्ने हुन्छ भने विद्यालय भनेको सयौं विद्यार्थीले विद्या आर्जन गर्ने संस्था हो । कुनै प्रकारको हानी नोक्सानीबाट बचाइएको वा जगेर्ना गरिएको विद्यालय सुरक्षित विद्यालय हो । जुनसुकै प्राकृतिक तथा मानवीय प्रकोपबाट जोगाइएको विद्यालयलाई सुरक्षित विद्यालय भनिन्छ ।

विद्यालय भनेको त्यस्तो स्थान हो जहाँ भविष्यका कर्णधार विद्यार्थीले आफ्नो तथा परिवार, समाज र देशका लागि राम्रो काम गर्ने गर्छन् । सर्वप्रथम विद्यालय सुरक्षित रहन अति आवश्यक छ । विद्यालय असुरक्षित भयो भने सयौं विद्यार्थीको जीवन जोखिममा पर्छ । विद्यालय सुरक्षित भयो भने विद्यार्थी तथा परिवार, समाज र सम्पूर्ण देशको लागि राम्रो काम गर्न र योग्य व्यक्ति बन्छ ।

विपद् भन्ने कुरा आज आउँछ रे भनेर आउँदैन त्यसै ले विद्यालय सुरक्षित हुन आवश्यक छ । विभिन्न प्रकार का प्राकृतिक तथा मानवीय क्रियाकलापबाट उत्पन्न हुने हानी नोक्सानी निम्त्याउँछ । विपद् जस्तैः भूकम्प, आगलागी, चट्याङ, बाढी, पहिरो आदिबाट विद्यालयलाई सुरक्षित राख्न अति आवश्यक हुन्छ ।

विद्यालयका भवनहरु भूकम्प प्रतिरोधात्मक बनाउनुपर्छ । कक्षा कोठामा दुइवटा ढोका हुनुपर्छ । विद्यालय वरिपरि रहेका रुख बिरुवालाई काट्नुपर्छ । हावाहुरी लागेको वेला रुख बिरुवा ढलेर विद्यालयलाई ठुलो क्षति पुऱ्याउँछ ।

कक्षा कोठामा जडान गरिएको विद्युतीय उपकरण सहि तरीकाले जडान गर्नुपर्छ । विद्यालय वरिपरि छरिएर रहेका सामग्रीलाई व्यवस्थित तरिकाले राखियो भने विद्यालयका विद्यार्थी लगायत शिक्षक शिक्षिकालाई चोटपटक लाग्नबाट बच्न सकिन्छ । विद्यालयलाई बालमैत्री र अपाङ्गमैत्रीक बनाउनुपर्छ । विद्यालयलाई प्राकृतिक तथा मानवीय कृयाकलापबाट पनि प्रत्यक्ष रुपमा असर गरे को हुन्छ । विद्यालयमा पशु तथा मानवीय कृयाकलापले पनि विपद् निम्त्याउन सक्छ । त्यसैले विद्यालयलाई वरि परिबाट तार-बार लगाएर बनाउनु पर्छ । विद्यालयमा आउन जानको लागि मोटर बाटो हुन अति आवश्यक छ । मोटर बाटो त हुनुपऱ्यो तर त्यहाँ सवारी साधनको आवतजावत कम हुनुपर्छ । विभिन्न प्रकारका प्राकृतिक तथा मानवीय कृयाकलापबाट सुरक्षित रहनको लागि प्राकृतिक प्रकोप पात्रो बनाई पूर्व सावधानी अपनाउन सकिन्छ ।

भुकम्पको विभिन्न प्रकोपबाट बच्न समय समयमा अभ्यास गर्नुपर्छ । विद्यालय भौतिक रुपमा पनि बलियो हुनुपर्छ । विद्यालय खोला तथा कमजोर पहाड भएको बीचमा वा किनारामा बनाउन हुँदैन ।विद्यालयलाई विभिन्न प्रकोप वा विपद्बाट बचाउनको लागि विभिन्न संघ सस्था, जस्तैः रेडकस, विद्यालयको प्रधानाध्यापकको सम्पर्क नम्बर, गाविस सचिब, स्वास्थ्यचौकी र हस्पिटलको सम्पर्क नम्बर हुन अति आवश्यक हुन्छ ।


# विपद् व्यवस्थापनमा नागरिकको भूमिका

**नितिका पौडेल, कक्षा : ९**
नवजागृत उ मा वि, पर्वत

बाढी, पहिरो, चट्याङ, आगलागी, हिमपहिरो आदि जस्ता घटनाहरु प्रकोप हुन् । यस्ता प्रकोपहरुले कहिले जनधनको क्षति गर्छन् भने कहिलेकाही गर्दैनन् । यदि यस्ता प्रकोपले जनधनको क्षति गरे भने ती विपद् बन्दछन् । प्रकोप त धेरै हुन्छन् तर जनधनको क्षति भयो भने मात्र विपद् हुन् । विपद् प्राकृतिक र मानवीय दुवै प्रकारका हुन्छन् । प्राकृतिक विपद् भनेका प्रकृतिद्वारा सृजित हन् भने मानवीय कारणले आइपरेका विपद् मानवीय हुन् । भूकम्प, चट्याङ आदि प्राकृतिक प्रकोप हुन् । बाढी, पहिरो आदि मानवीय प्रकोप हुन् । जोखिम पनि विपद्सँगै जोडिन आउने शब्द हो । जोखिम भन्नाले क्षति हुनसक्ने भन्ने बुझिन्छ । जस्तैः खोलाको तीरमा भएका घर, ठुलो भीरको तल भएको बस्ती आदि । विपद् पर्दा आर्थिक, भौतिक क्षति हामी प्राणीले नै खप्नुपर्छ । यस्ता विपद् पर्नुभन्दा अगाडि, परिरहेको बेलामा र त्यस पश्चात् के गर्ने भनि आवश्यक पूर्वयोजना गर्नु विपद् व्यवस्थापनको पाटो हो । यस्तै यसबाट हुने क्षति न्यूनिकरण गर्नु विपद् व्यवस्थापन हो । हामीले धेरै

प्रकारका विपद्हरु भोगिसकेका छौं । कतिपयले प्राकृतिक रुपमा आउने प्रकोपलाई दैविक प्रकोप भन्ने गरेको पनि सुनिन्छ । वास्तवमा विपद्बाट कसरी बच्ने भन्ने उपाय र यसको न्यूनिकरण नै विपद् व्यवस्थापन हो ।

हामीहरु सबैको मनमा उब्जने प्रश्न हो - विपद् व्यवस्थापन कसरी गर्ने ? विपद् व्यवस्थापनका निम्ति हामीले विभिन्न उपाय अबलम्वन गर्न सक्छौं । जसरी देश विकासमा नागरिकको महत्व हुन्छ त्यसरी नै यसको जिम्मेवारी पनि हामी नागरिकले नै बहन गर्नुपर्ने हुन्छ । हामीले सुरक्षित स्थान पहिचान गरी घरको नक्साङ्कन गर्न सक्छौं, पारिवारीक योजना बनाएर कार्यान्वयन गर्न सक्छौं । यस्तै कार्य गर्नाले नै विपद् व्यवस्थापन हुन्छ । पूर्वतयारी, विपद् हुँदा के गर्ने, खोज उद्धार, पुनर्निर्माण र पुनःर्स्थापना विपद् चक्रमा पर्छन् । हामी आफूले जाने बुझेपछि अरुलाई पनि सिकाउनु पर्छ । हामी सकृय भएर चेतनामूलक कार्यक्रम संचालन गर्न लाग्नुपर्छ । यस्ता कार्यमा सरकारी, गैरसरकारी संस्थाहरु जस्तैः इन्प्रेड नेपाल, प्लान इनटरनेशनल लागिपरेका छन् । हामी आजको सुचना विस्तारको युगमा रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल आदिमार्फत यस सम्बन्धी सुचना सम्प्रेषण गर्न सक्छौं । विपद् व्यवस्थापनमा अझै पनि थुप्रै चुनौतिहरु छन् । स्थानीय मानिसको सकृय सहभागीताको अभाव, नागरिकको बेवास्ता आदिजस्ता चुनौतिको सामनाका लागि हामी डटेर लाग्नुपर्छ । सबैलाई विपद् व्यवस्थापनमा संलग्न गराउन सक्यौं भनेमात्र यस कार्यको निम्ति कोसेढुङ्गा सावित हुन सक्छ ।




**चित्रः हेमन्त पुन, कक्षाः ७**
श्री धारा उ मा वि, बाग्लुंग

# विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका

**कृष्ण पौडेल, कक्षा : ८**
श्री जनता नि मा वि, पर्वत

पृथ्वीमा विभिन्न प्रकारका कृत्रिम तथा प्राकृतिक प्रकोप हुन्छन् । जस्तै बाढी, पहिरो, ज्वालामुखी, आगलागी, हावाहुरी, भूकम्प आदि प्रकोप हुन्छन् । विपद् भनेको आकस्मिक प्रलय घटनाबाट उत्पन्न हुने अवस्था हो । जसले संरचना बिगार्नुका साथै कामकाज बिगार्छ ।

यसमा विद्यार्थीको ठुलो भूमिका रहन्छ, विद्यार्थीले आफूले सिकेर छिमेक, गाउँघरमा गई सबैलाई सचेत गराउने र सामुहिक रुपमा बालक्लब, आमासमूह, र विभिन्न गोष्ठीमा जनचेतनाको बाणी फैलाउने गर्नुपर्छ ।

मानिसको अकालमा मृत्यु हुनुको कारण नै जनचे तनाको कमी हो । विद्यार्थीले छिमेकी गाउँहरुमा गई विपद् आउनुका कारण र विपद् न्यूनिकरणका बारेमा सबै लाई सचेत गराउनु पर्छ । विपद् सिर्जना हुनुको कारण, कमजोरी, क्षमता कम र जनचेतनाको कमी हुनु हो ।

विद्यार्थीले समाज र समुदायका मानिसलाई विपद् आउनु अघि पारिवारीक योजना बनाउने घर वा वस्ती नजिक रहेका जोखिम पत्ता लगाउने यसबाट बच्नका लागि वरपर अग्ला रुख नहुने, बाढी पहिरो पनि नआउने जस्ता सुरक्षित ठाउँ पत्ता लगाई आफूले र अरुलाई पनि बताइदिने, हावाहुरी लाग्दा, बाढी पहिरो आउँदा, भूकम्प जाँदा हुने विपद् अघि नै पूर्वतैयारी गर्नुपर्छ । अग्ला रुख भएको भिरालो जग्गामा बार लगाउने र भूकम्पजस्ता विपद् आँउदा भूकम्प प्रतिरोधात्मक घर बनाउने गर्नुपर्छ ।

विद्यार्थीले सामुहिक रुपमा जनचेतना फैलाउनुका साथै सबैलाई जोखिमपूर्ण र सुरक्षित ठाउँ बताइदिने र विपद् पूर्वतयारी मै प्रकोप पात्रो, झट्पट झोला र आफूलाई महत्वपूर्ण सामान सजिलै देखिने ठाउँमा राख्नुपर्छ र

विद्यार्थीले विद्यालयमा समाज समुदायमा मानौं भूकम्प आइहाल्यो भने वार्नीङ्ग बेल बजायौं भने सबै सचेत हुन्छन् र सबैलाई भूकम्प आउँदा पछाडि नआउने, हल्ला नगर्ने, धक्का नदिने जस्ता कुराको सचेत गराउने र मजबुत संरचनाको सुचना दिन, घरमा झट्पट झोला बनाउने जानकारी दिने, झट्पट झोलामा प्राथमिक उपचारका सामग्री, आफूलाई आवश्यक एक जोर कपडा, आवश्यक सामान जस्तैः नागरिकता, सिफारिस जस्ता सामान, बासी नहुने, नकुहिनेजस्ता खाना राख्ने र सकेसम्म थोरै भएपनि पैसा राख्ने गर्नुपर्छ । विपद् पात्रो पनि अनिवार्य गराउनुपर्छ । त्यसमा खतर ाको चिन्ह
रातो, मध्यम पहेँलो र न्यून हरियो रङ्ग गराउनु पर्छ र कुन के कस्ता समस्या आउन सक्छ भन्ने कुरा पहिले नै पूर्वतयारी गर्नुपर्छ ।
यस्ता कुराको जानकारी सबैलाई गराउनुपर्छ र घर नजिक रहेका विद्युत खम्बा भयो भने गाविसको पहलमा अलि पर लैजान पनि सचेत गराउनुपर्छ । चट्याङ र हावाहुरी लाग्दा गाउँका सिपयुक्त मानिसलाई काँटछाँट गर्न लगाउने जस्ता कुराको जानकारी दिन विद्यार्थीको प्रमुख भूमिका हुन्छ ।





चित्रः अर्जुन वि क, कक्षाः ७
श्री तुलोदय मा वि, पर्वत

# भूकम्प

हावा हुरी बतासले उडाएर लग्यो घर
वातावरण सफा राखौं आफ्नो वरपर ।
बाढी पहिरो आउनु तटबन्धन घेरौँ
सर्पबाट बच्नलाई सधैँ सफा पारौँ ॥

भूकम्पबाट बच्नलाई खुल्ला चौरमा जाऔँ
पर्खालबाट टाढा रहौँ आफ्नो ज्यान आफै बचाऔँ ।
नदी नालाको वरिपरि तारले बान्ने गराऔँ
एक अर्काको ज्यान बचाऔँ र सुखी जीवन बिताऔँ ॥

घर वरपर खाल्डा खुल्डी छ भने माटोले पुर्ने गरौँ
भान्साबाट निस्केको फोहोर जथाभावी नफालौँ ।
पहिरो नजाओस् भनि बोट बिरुवा लगाऔँ
घर आँगन सफा राखौँ स्वच्छ वातावरण बनाऔँ ॥

**पुनम नेपाल, कक्षा ८**
श्री वी पी स्मृति मा वि, कैलाली

# देउडा गीत भूकम्प

२०७२ साल बैशाख १२ गते
नेपालमा भूकम्प आयो धन्य तेरो माया जहाँ
कतिका घर हलिगए कतिका पसल
कति जहान गया कतिका बिलढिङग
हो....धन्य तेरो माया जाल
खुसी जीवन दुःखी पारी भूकम्प पापीले
मानिसलाई सडकमा ल्यायो डरको कारणले
हो....धन्य तेरो माया जाल
जतातते लासैलास नरुने कोइ छैन
जतातते बिलढिङग ढलया नढल्ने कोही छैन
हो....धन्य तेरो माया जाल
बिदेशीले राहत दियो नेताले चपायो
गरिब सधैं भोक भोकै नेताले रुवायो
हो....धन्य तेरो माया जाल
आएका चामल सबै गोदाममा सडायो
गरिब जनता सबैलाई भोक भोकै सुतायो
हो....धन्य तेरो माया जाल

**हेमराज रेग्मी, कक्षा ८**
श्री वी पी स्मृति मा वि, कैलाली

# देउडा गित आगलागी

आगलागीले कठै न लत्ता न कपडा बचायो
आगलागीले कठै

भएभरको नाज आगलागीले जलाइदियो
भएभरको नाज

खानलाई दाल चामल छैन सुत्नलाई घर छैन
म दुःखी अभागीको अगाडी कोही छैन

आगलागीले घर पोलिदियो छैन कुनै कुटी
छोराको शरीर पोल्यो छैन कुनै रुपी

न कुनै रोजगारी छ न कुनै काम पनि
कसरी बनाउने होला जलेको घर पनि

घरमा रुपियाँ छैन न कुनै सम्पत्ति
कसरी पढाउँला मैले छोराछोरी

**हेमराज रेग्मी, कक्षाः ८**
श्री वी पी स्मृति मा वि, कैलाली





चित्र: आरती रेग्मी, कक्षा: ६
श्री दुर्गा नि मा वि, कैलाली

# अती सुन्दर हमार नेपाल

भुकम्पके नजर लागि लस । यी हे भगमे लिखल हमार नेपालीन
के ज्यान जैन ।
अपन देश नेपाल के सेवा करना कसम खैलेरही । यी हे भूकम्प
के कारण पूरा नाई करे सेक्ली । हमार नेपाली बाबु भैयो बाच्चा
बासम पूरा कर हो । हमार तो ज्यान गिटास ।
तुहुन ज्यान बचल होइतो नेपालके चिना बचै हो । भूकम्प
आइतो सेक्बो तो खुल्ला ठाउँमे जौना कोसीस करहो ।
अपन घर के आघे पाछे बुरहाईल रुखवा हुइतो कदना कोसीस
करहो ।
जीवनके इत्ना महत्तो बावई अपन देश नेपालके सेवा करहो ।
जीवन एक लढियाँ होवाई रोकेनाइ सेक्बो हो ।
विपद् अयीना आगे तुहरे सम्बधानी रहो ।
नेपाल देश जनताके सपना पूरा करहो ।

**अन्जीला चौधरी, कक्षा ८**
श्री वी पी स्मृति मा वि, कैलाली

# गीतको बोल नृत्य

नेपालमा भुकम्प आउँछ
जनतालाई सताउँछ
नेपालमा भूकम्प आउँदा रोकेर रोकिन्न
चल्दै छ हावा र हुरी छेकेर छेकिन्न ।

भूकम्प आयो घर हल्यो सङ्केत हुँदैछ
मान्छे मार्‍यो घर भत्के यो संसार रुँदैछ ।

यो संसार रुँदैछ आजकल आँसु नै झार्दियो
धेरैको जीवन ढाल्यो सत्यनास पार्दियो ।

शिक्षा पढ्ने शिक्षित हुने सबैको अधिकार
नृत्यवाट बिदा हुन्छौं हाम्रो नमस्कार

**अन्जु नेपाली, कक्षा १०**
श्री विद्याज्योती मा वि, कालिकोट





# विपद् जोखिम न्युनिकरण स्वच्छ सुन्दर वातावरण

बाढी आउने ठाउँ छ भने बुट्टा रोप्नु पर्छ
विपद् जोखिम कमी गर्न ठुलो सहयोग गर्छ ।

विपद्बाट वञ्चित होइजाउँ समाइ झट्पट झोला
जोखिम क्यालेन्डर बनाइ सङ्केत गर्नु होला ।

विपद् भन्ने यस्तो हुन्छ बाजा बजाउँदैन
तयारीमा बस्नु पर्छ रङ्ग सजाउँदैन ।

विद्यालय सुरक्षा र जोखिम क्यालेन्डर
घुँडा टेकी ओत लागी यस्मै हुन्छ भर ।

भूकम्प प्रतिरोधी घर बनाउनु पर्छ
यस्तो ज्ञान भएन भने ठुलो क्षति हुन्छ ।

बाढी पहिरो भूकम्पले भत्किन्छ घरवार
यति लेख्दै बिदा हुन्छु मेरो नमस्कार ॥

**सुस्मिता बटाला, कक्षा ८**
श्री जनता उच्च मा वि, कालिकोट

# विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका

**समिर पौडेल , कक्षा :८**
श्री जनता नि.मा.वि, पर्वत

विपद् भनेको आकस्मिक प्रलयकारी घटना हो । विपद् प्राकृतिक प्रकोप भएपनि धेरैजसो विपद् मानवीय कारणबाट पनि हुन सक्छ । विपद् आकस्मिक र डरलाग्दो भएकोले यसले भौतिक, आर्थिक र सामाजिक संरचनालाई बढी असर गर्छ । भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी आदि यसका उदाहरणहरु हुन् । यसले समाजलाई यसरी भताभुङ्ग पार्छ कि समाजको आर्थिक अवस्थाले पनि थेग्न सक्दैन । विपद्लाई अर्को अर्थले नराम्रो घटना पनि भनिन्छ ।

विपद् व्यवस्थापन भनेको विपद्को समाधान भन्ने पनि बुझिन्छ । विपद् व्यवस्थापनमा विद्यार्थीको ठुलो भूमिका रहेका हुन्छ । विद्यार्थीले विपद्को समाधानका लागि आफूले सक्दो कार्य गर्न सक्छन् । विद्यार्थीले विद्यालय वा घरपरिवारस्तरीय प्रकोप निवारण वा जोखिम ठाउँमा नजान एक पर्चा वा पम्प्लेट बनाई व्यक्ति धेरै आवतजावत गर्ने ठाउँमा टाँस्न पनि सक्छन् । विद्यार्थीले गाँउघरमा बाल क्लबबाट विभिन्न कार्यक्रमहरु राखेर पूर्वतयारी, आपत्कालीन र दीर्घकालीन योजनाका बारे मा छलफल गरी सबै जनतालाई सचेत गराउन सक्छन् । आफूले देखेका जोखिम ठाँउको पहिचान गरी त्यसलाई स्थानान्तरण योजनामा राखी ठुलाबडाको सहयोग लिएर त्यस जोखिम ठाँउ वा वस्तुलाई त्यहाँबाट हटाउनुपर्छ । विद्यालयमा विद्यार्थीले प्राथमिक उपचार खोज उद्दार कार्यका लागि विद्यार्थीको समूह बनाइ त्यसको पूर्वतयारी गर्न सक्छन् । आफू विद्यालयमा कार्यक्रम सञ्चालन गर्दा विपद् सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ । महिनाको २ वा ३ पटक गाँउमा सबै जनता (अशिक्षित बुढापाकाहरु, बालबालिकाहरु, जवान व्यक्तिहरुलाई) जम्मा गरी विपद् सम्बन्धी सचेतना वा जानकारी फैलाउन सकिन्छ । विपद् पूर्व गरिने योजनामा विद्यार्थीले गाँउभेला गर्ने स्कुलमा बाल संस्था गठन गरी बेलाबेलामा कार्यक्रम सञ्चालन गर्ने सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्ने आदि कार्य गर्नुपर्छ । विपद् आउँदा आउँदै को समयमा विद्यालयमा भए सुरक्षित स्थानमा आइ बस्ने, बाहिर निस्कन नमिल्ने अवस्था छ भने बेञ्चमुनी टाउको समाती बस्ने र विपद् पश्चात् सबै विद्यार्थी बाहिर निस्कने र कसैले काउन्टिङ गर्ने र कसैले प्रकोपमा परी चोटपटक लाग्नेलाई प्राथमिक उपचर गर्नुपर्छ । घरमा पूर्वतयारी गर्दा 'झट्पट गो व्याग' झोलाको तयारी गर्ने कार्य पनि गर्नुपर्छ र सुरक्षित स्थानको खोजी गरी प्रकोप आएको समयमा आफूभन्दा सानालाई आमाबुबालाई लिन अलि सुरक्षित स्थानमा लैजान भन्ने र आफू पनि जाने गर्नुपर्छ । विपद् पश्चात् हामीले ठूलाबडाको सहयोग लिएर रेडियो तथा टिभीमा समेत खबर दिन सक्छौ । विपद् व्यवस्थापन गर्दा हामीले फर्केर नजाउ, नचिच्याउ भन्ने कुरामा विशेष जोड र ध्यान दिनुपर्छ । विपद् व्यवस्थापन गर्दा व्यक्तिको ज्यान जान नसक्ने अवस्था पनि हुन्छ । विपद् व्यवस्थापन गर्नका लागि विद्यार्थीले सक्दो कार्य गर्नँपर्छ । अहिलेको २०७२/१/१२ गतेको भुकम्पमा बाहिर गएका व्यक्ति भित्र आएर खाटमुनी लुकेर र विपद्को व्यवस्थापन नगरेर ज्यान गएको हो । यदि विद्यालयमा दृष्टिविहीन तथा अपाङ्गता भएका व्यक्ति छन् भने तिनीहरुलाई एक विशेष स्थानमा राख्नुपर्छ ।

व्यवस्थापन गर्नु भनेको समाधान गर्नु मात्र नभई त्यसलाई उचित स्थानमा राख्नु पनि बुझिन्छ । विद्यार्थी भएर जन्मेपछि अफ्नो कर्तव्यको पालना गर्नु नै मुख्य जिम्मेवारी हो । आफू बाँच्ने अधिकार हो भने अरुलाई बचाउने कर्तव्य हो । सबै कुराको निस्कर्ष भइसके पछी आफू पनि समाजको वा राष्ट्रको हितका लागि संरचनाहरु क्षतिग्रस्त भएकोलाई पुनः निर्माणमा लाग्नुपर्छ ।

# विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका

**शुष्मा पराजुली, कक्षा :८**
श्री जनता नि मा वि, पर्वत

विपद् भनेको अचानक प्रलयको घटना हो । हामीले विपद् लाई रोक्न सक्दैनौँ, तर यसको व्यवस्थापन गर्न सकिन्छ। हामीले विपद्लाई प्रकृतिले उत्पन्न गरेको प्राकृतिक प्रकोप भनिन्छ तर विपद् मानवले उत्पन्न गरेको मानव निर्मित वा सिर्जित पनि हो । विपद्का उदाहरणहरुमा बाढी, पहिरो, आगजनी, भूकम्प, ज्वालामुखी विस्फोट आदि पर्दछ । विपद् कति वेला आउँछ थाहा नै हुँदैन । हामीले घाँस काट्दा हाम्रो हात काट्यो भने त्यो पनि विपद् भयो । जब हामी हिंडिरहेका हुन्छौं, त्यस बेला हाम्रो चप्पल चुड्यो भने त्यो पनि एउटा विपद् भयो । त्यसैले विपद् कति वेला आउँछ त्यो हामीलाई थाहा नै हुँदैन ।

विपद् भनेको एउटा अप्ठ्यारोपन पनि हो । विपद् न्यूनिकरण गर्नको लागि विद्यार्थीको ठुलो भूमिका रहेको हुन्छ । त्यसैले हामी विद्यार्थी नै यस विपद्को व्यवस्थापनमा अगाडि बढ्नुपर्छ । विपद् भनेको यस्तो चिज हो जुन कसैलाई थाहा नदिइकन आउने गर्दछ । हाम्रो गाउँघर अथवा समुदायमा अहिले धेरै भूकम्पको त्रास रहेको छ । हामी सबै विद्यार्थी मिलेर यस त्रासको व्यवस्थापनमा लाग्नु पर्छ । भूकम्प आउँदा कसैलाई चोटपटक लाग्न सक्छ, त्यसैले हामीलाई प्राथमिक उपचार जरुरी हुन्छ । प्राथमिक उपचार भनेको घाइते वा बिरामीलाई तुरुन्तै स्थानीय स्रोत साधनको प्रयोग गरी कुनै पनि स्वास्थ्य संस्था वा चिकित्सकको उपचार नगर्दै गरिने उपचारलाई प्राथमिक उपचार भनिन्छ । हामीले विपद् व्यवस्थापनको बारेमा धेरै जानकारी वा तालिम लिइसकेका छौँ । २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पले गर्दा हाम्रो देशमा भएका विभिन्न पुराना भौतिक संरचनाहरुको नष्ट भएको छ । अब हाम्रा संरचनालाई मजबुत बनाउनको लागि विद्यार्थीहरुले भूमिका खेल्नुपर्छ । हामीमा पूर्व जानकारी हुनुपर्छ । यो जानकारी विद्यार्थीले आफ्नो समाजमा मात्र नभई देशको



चित्र: सरस्वती किसान, कक्षा: ६
श्री जनता मा वि, बाग्लुंग

कुनाकाप्चा वा चारै दिशातिर जनचेतना फैलाउनु पर्छ । हामीले विपद्को बारेमा जानकारी लिएर सबैलाई त्यसको बारेमा जनचेतना फौलाउनु पर्छ । हामीले गर्न लागेको काम अधुरो छाड्नु हुँदैन । हामीलाई यो सबै काम जिम्मे वारी इन्प्रेड नेपालले दिएको हो र हामी हाम्रो जिम्मेवारी वहन गर्दै अगाडि बढ्यौ भने पक्कै पनि हामी असल नागरिक बन्ने छौं । अत: विपद् आउनु अघि हामीले त्यसको पूर्वतयारी गर्ने र त्यसलाई व्यवस्थापन गर्न के के गर्ने भन्ने कुरामा जानकारी हुनुपर्छ । त्यसैले विद्यार्थीले अब सोच्ने सम्झने समय होइन भनेर आफ्नो जिम्मेवारी आफैले वहन गर्नुपर्छ । हामीले आफ्नो जिम्मेवारी बहन गरेनौं भने हामी मरेको मानिस सरह हुन्छौं । जसरी सूर्यले संसारभर उज्यालो छर्छ त्यसरी हामीले पनि संसारभर जनचेतना फौलाउँदै विपद् व्यवस्थापनमा अगाडि बढ्नुपर्छ । विपद् विभिन्न कारणले गर्दा सिर्जना हुन्छन् । हामीले विपद्लाई रोक्न सक्दैनौं तापनि यसको व्यवस्थापन गर्न सक्छौं । यो काम गर्न पनि हामी विद्यार्थीकै भूमिका रहन्छ । विपद् प्राय: मानव निर्मित वा मानव सिर्जित नै हुन् ।

# विपद्को बेदना

२०७२ साल वैशाख १२ गते
भूकम्पले देशैभरि घटना घटेको

कोहीका छैन बुबाआमा कोहीका छैन दाजुभाइ
रुवाई शुवाई गयो यो भूकम्प हामी सबैलाई

तला तला घरहरु भूकम्पले ढलेर
टाँगिएका पाल उडाउँछ हावा चलेर

कति मान्छे मरिसके कति मान्छे अपाङ्ग
ठूलो हावा चले पनि यो मन झसङ्ग

ठूलो क्षति पुऱ्याएको सिन्धुपाल्चोक गोर्खामा
कठै कसरी बसे होला त यस्तो बर्षामा

भूकम्प कहिल्यै पनि खबर गरी आउँदैन
होसियारी पुऱ्याएमा ज्यान जाँदैन

विकासका संरचना सबै ध्वस्त पारेर
बालक वृद्ध नभनी लग्यो मारेर

त्यो दिनलाई सम्झँदा छन् मन थर्केको
गाउँ घरमा देख्दाखेरी घर चर्केको

सबको सामु यही सन्देश छोडेर
बिदा हुन्छौं दुई हात जोडेर

**आकृति, अमृता, सृष्टीको समूह पर्वत**

# फैलाऔं चेतना

पढीलेखी ठूलो बन्ने सबैले राखौं चाहना
यो तीजको सबैलाई शुभकामना

भूकम्पमा परी मान्छेले कति ज्यान गुमाए
के भा को हो यस्तो खेल कसले के जाने

कति भयो देशमा क्षति ०७२ सालमा
कयौं मरे जनता पनि अल्पकालमा

२०७२ वैशाखबाट दिनमा क्षति भयो
तहस नहस एकैछिनमा

मान्नुपर्छ परम्परा, चाडपर्व र संस्कृति
यो शिक्षाको भलो गरौं हटाइ विकृति

बाल केन्द्रित विपद् जोखिम न्यूनिकरण कार्य मञ्च
पून:निर्माण गरौं देश सबै मिली जन

भूकम्पले लग्यो आमा दुई खोलीको तीरमा
के लेखेको रहेछ कुन्नि हाम्रो शिरमा

भूकम्पले विनाश गऱ्यो सुन्दर हाम्रो यो देश
नबनाऔं है ठूला घर हुन्छ विनाश

कति भत्के ठूला घर विद्यालय भवन
हामी सबै शिक्षित बनौं फैलाऔं चेतना

यो देशमा फैलाउँछ शिक्षाले नै चेतना
यति भन्दै बिदा हुन्छौं सबलाई नमस्कार

**सफलता शाहको समूह (किरण, सपना, अस्मिता, सबिता, सफलता) पर्वत**

# शिक्षाको चमत्कार

जहाँ हेऱ्यो जता हेऱ्यो शिक्षाको छ चमत्कार
सर्वप्रथम स्विकार्नुहोस् सबलाई नमस्कार

देशको विकास गर्नलाई राखौं सबले भावना
यो तीजको सबैलाई शुभकामना ।

हाम्रो धार्मिक परम्परा जगेर्ना गरौं है
नारीहरु सबैलाई शिक्षित बनाऊँ है

सबैजना शिक्षित बनी एकजुट बनौं है
अन्धविश्वास कुरीतिलाई पछि पारौं है

हाम्रो धार्मिक संस्कृतिलाई बचाउनु छ हामीले
विदेशी संस्कृतिलाई हटाउ सबैले

शिक्षित बनी अघि बढनु छ अनि देश विकास
जोगाउनलई यो नेपालको रीतिरिवाज

शिक्षा अनि संस्कृतिलाई जोगाऊँ है भनेर
बिदा हुन्छौं जोखिमबाट बचौं भनेर

भूकम्पले यो घडीमा आयो हामीलाई आपत्ति
बचौं बचाऊ सबै मिलि हामी नेपाली

दिएको छ इन्प्रेड नेपाल हामीलाई तालिम
रोक्नलाई विपद् अनि आउने जोखिम

शिक्षाले नै दिएको छ समस्याको सामान
पर्वत
राखौं अब हामी सबले राष्ट्रिय भावना

**मञ्जु भुसालको समूह, पर्वत**

# ध्यान दिऊँ

डाँडा पारी डाँडा वारी घाम लाग्यो घमाइलो
अहिलेको तीजमा हेर कति रमाइलो

डाँडा वारी डाँडा पारी घाम लाग्यो घमाइलो
भूकम्पको गीत गाउँदा हेर कति रमाइलो

भीरपाखामा घर बनाए पहिरोले लग्यो हेर्दाहेर्दै
त्यो घर पनि बेसीतिर बगेर गयो है
घर बनाउँदा ध्यान दिऊँ प्रतिरोधक बनाऊँ
सानो आफ्नै प्रयासले जीवन जोगाऊँ

विपद् पर्दा नडराऊँ, शान्ति भई बसौं न
पून:निर्माण गर्नलाई कम्मर कसौं न

घर बनाउँदा ख्याल गर्नु हाम्रा दाजुभाइ
भूकम्पले लान सक्छ कच्ची घरलाई

साना-साना नानीले पढी लेखी गर्नेछ चमत्कार
यो गीतको अन्त्य भयो हस् त नमस्कार

**रेश्मा भुसालको समूह (रेश्मा, सुबिना, रोजिना, नम्रता, स्मृति, आयुष्मा), पर्वत**

# लोक गीत भूकम्पको चोट

भूकम्पले गर्दा जीवन होइन मरण
गर्नुपर्छ नेपाल सरकार जोखिम न्यूनिकरण

घरबार विहीन धेरै भए भूकम्पले गर्दा
किन सरकार चुपलाग्यो लाखौं मानिस मर्दा

कठै बरा टुहुराका सारा आँसु खसे
कस्तो जोखिम कस्तो पीडा पाल ताकेर बसे

यो नेपाललाई चिनाउने धरहरा नि गयो
मसानघाटमा लासहरुको मेला जस्तै भयो

कोई कराउँछन् आमा भनि कोही त बुबा भनी
नेपाल सरकार कोई बोलेन यस्तो देख्दा पनि

अस्पताल घाइतेले भरे ठाउँ भएन कतै
यै विपद्ले रोएको छ नेपाल जताततै

कतै मरे भूकम्पले कतै बाढी पैरो
बहत्तर साल भूइँचालोले चोट दियो नी गैरो

विपद् न्यूनिकरण गरी गर्छौं चमत्कार
सर्वप्रथम सम्पूर्णलाई गर्छौं नमस्कार ।

**विजय नेपाली, राम नेपाली, गरिमा बिष्ट,**
**शेरबहादुर नेपाली, लक्ष्मी बाग, कक्षाः ९ र १०**
**श्री कालीकास्थान मा वि, डोटी**

# लोक देउडा जानी राखौं सबै

भूकम्पले गर्दा जीवन होइन मरण
गर्नुपर्छ नेपाल सरकार जोखिम न्यूनिकरण

घरबार विहीन धेरै भए भूकम्पले गर्दा
किन सरकार चुपलाग्यो लाखौं मानिस मर्दा

कठै बरा टुहुराका सारा आँसु खसे
कस्तो जोखिम कस्तो पीडा पाल ताकेर बसे

यो नेपाललाई चिनाउने धरहरा नि गयो
मसानघाटमा लासहरुको मेला जस्तै भयो

कोई कराउँछन् आमा भनि कोही त बुबा भनी
नेपाल सरकार कोई बोलेन यस्तो देख्दा पनि

अस्पताल घाइतेले भरे ठाउँ भएन कतै
यै विपद्ले रोएको छ नेपाल जताततै

कतै मरे भूकम्पले कतै बाढी पैरो
बहत्तर साल भूइँचालोले चोट दियो नी गैरो

विपद् न्यूनिकरण गरी गर्छौं चमत्कार
सर्वप्रथम सम्पूर्णलाई गर्छौं नमस्कार ।

**निर्मला साउद, गौरी साउद, लक्ष्मी साउद, गोरख साउद,**
**रिजन नेपाली, कक्षाः ८**
**श्री नवदेव नि मा वि, डोटी**



# विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका

**दिनेश वहादुर खड्का, कक्षा: १०**
श्री कालिका मा वि, डोटी

आकस्मिक प्रलयका कारण आउने विपत्तिलाई सामान्यतया विपद् भनिन्छ र विपद् वातावरणीय कारण तथा मानवीय कारण हुने गर्दछ । मानिस एउटा वातावरणमा प्रवाह पनि जान्छ उसमा गास, बास र कपासको
आवश्यकता पर्दछ र उसले वनजङ्गल नासिएमा भू-क्षय, बाढी, पहिरो र प्राकृतिक प्रकोप हुने गर्दछ र विद्यालय भनेको शान्ति क्षेत्रबाट घोषित भई आवद्ध जनसमुदायको परिवार नै विद्यालय हो । यो शिक्षा औपचारिक रुपमा हुने गर्दछ र त्यसमा विद्यार्थी अभिन्न अङगको रुपमा पालना गरी विद्यालयमा हुने विभिन्न नराम्रा विकृति र चुनौती सामना गर्नमा विद्यार्थीको महत्वपूर्ण भूमिका पर्न जान्छ र विद्यालयको प्राङ्गणलाई सुन्दर र स्वच्छ बनाउनमा र विद्यालयलाई काँचुली फेर्नमा विद्यार्थीको उल्लेखनीय योगदान पर्न जान्छ ।

वास्तवमा विपद्लाई केलाएर हेर्न हो भने यसमा कुनै अवधी र गते नभई जुनसुकै बेला पनि विपद् आइलाग्छ । विपद् जम्मा ५ प्रकारका छन् : जसमा संरचनात्मक विपद् यसले हाम्रो विद्यालयमा भएका मानवगृह भवन, टुटेको फुटेको संरचनाले विद्यार्थीको विद्यालयमा जान वञ्चित र यसमा संरचना भत्की हाल्यो भने ठूलो सङ्कट आइलाग्छ र त्यस संरचनालाई पुनःनिर्माण विकास गर्नमा विद्यार्थीको आवाज घच्घचाउने र उचित किसिमका वालमैत्री शिक्षालयको व्यवस्था गर्ने, रचनात्मक विपद्मा विद्यालयमा सघाउ पुऱ्याउनमा विद्यार्थीको ठूलो भूमिका पनि हुन जान्छ । गैरसंरचनात्मक विपद्मा विद्यालयका संरचनाभित्र सञ्चालन भएका टेवुल, डेक्स, वेन्च अन्य सामग्री टुटे फुटेका हुन सक्छन् र त्यसमा अचानक लडी हालेमा विपद् आइलाग्ने संभावना हुन्छ र यसले विद्यार्थीलाई नै असर पार्छ । त्यसकारण विपद् एउटा प्राकृतिक प्रकोप हो र यसमा विद्यालयमा सबैभन्दा पहिले कपोल र नयन झैं कर्रिन लागेका मुना विद्यालयमा जाने गर्छन् र विद्यालय व्यवस्थापन भएन भने सम्पूर्ण देशका खम्बा बालक विद्यालय जानबाट वञ्चित हुन्छन् । त्यसकारण विद्यालय व्यवस्थापनमा विद्यार्थी अग्रसर भई सवै अभिभावक र सरोकावालासँग समभ्रदारी गराई विद्यालयको जोखिम पात्रो वनाई विद्यालयलाई उचित ढङ्गले व्यवस्थित गर्न वालकमा भर पर्न गई विद्यार्थीले आफ्नो अभियान कार्यक्रम सञ्चालन गर्न र विभिन्न जनचेतना कार्यक्रम फैलाउनमा विद्यार्थीको अहम् भूमिका हुन्छ । विद्यार्थी एउटा विद्यालयमा रमाइरमाई सुर्यझैं छर्लङ्ग उज्यालो छर्नमा आफ्नो अँध्यारो जीवनलाई प्रकाशमा परिणत गर्नमा विद्यालयमा गएर शिक्षा आर्जन गर्न चाहन्छ ।

त्यसकारण विपद् एउटा खतराका रुपमा लिई मानव जीवनलाई सडकमा बस्न बाध्य पुऱ्याउँछ र विपत्तिलाई व्यवस्था । गर्नमा सवैभन्दा विद्यालयको मुख ताकेमा विद्यार्थीको अग्रहणीय व्यक्तित्व प्राप्त र पहुँच गर्नमा विद्यार्थीले सवैलाई सचेत बनाउनु पर्ने यो शीर्षकले मुख्य रुपमा हेरेको पाइन्छ । विद्यालयमा ७/७ घण्टा शिक्षा आर्जन गर्ने थलो हो र त्यसमा विपद् आइलागेमा विद्यार्थी अन्धाधुन्धमा पर्न गई कतै बालकको मृत्यु हुने गरेको पाइन्छ र यसलाई न्यूनिकरण गर्नमा अभिव्यक्त गर्न सकिन्छ ।

म पनि एउटा सच्चा विद्यार्थी भएको नाताले विपद्सम्बन्धी विद्यालयमा पात्रका रुपमा अभिवृदि गर्न र सञ्चालन गर्नमा अहम् भूमिका विद्यार्थीमा हुन्छ ।

# प्रकृतिको नियम

हे विपद्ले भन्दो रैनछ धनी गरिब भनेर
विपद्को गीत गाउँछौ दुईहात जोडेर

हे प्रकृतिको नियम रैछ वाढी पहिरो आउने
सचेत बनौ अब हामी शरीर जोगाउने

हे सबले बनाउँ असल सोंच असल ठाउँ नै रोजेर
भौतिक निर्माण गर्दाखेरी नीति लिएर

हे असल काम असल सोंच राखौं हामी गाँउ घरमा
विपद् पर्दा गाँउका सबै जुटौं एक ठाउँमा

हे सफल हुन्छ हाम्रो सोच सोचबिचार गरेमा
सरकारले नि राम्रो नीति गाउँ गाउँ दिएमा

हे विपद् गोष्ठी छलफल गरी नीति अघि बढाओस्
सरकारले नि कसैलाई भेदभाव नगरोस्

हे कुनै पनि विपद्बाट अब मर्न नपरोस्
सुखमय जीवन हाम्रो सधैं सफल होस्

हे दुःख सुन्न नपरोस् असल बनोस् समाज
बिदा हुन्छौं हजुरबाट लौ लौ भो आज

**शंकरपोखरी देउराली आमा समूह, पर्वत**

# आशा

विज्ञान र प्रविधिले गराएको चमत्कार
सर्वप्रथम गीतबाट गर्छौं नमस्कार

नष्ट भयो नेपालको इतिहास र धनजन
भूकम्पको डर बढ्यो मनमा झन्झन्

चिन्ता बढ्यो मनभरी के खाने के लगाउने
पीडितले राहत पाउने हो कि नपाउने

छैन घर पानी पर्दा बस्न पाउने बास पनि
कतिञ्जेल गर्ने होला राहतको आश पनि

एक बर्ष बितिसक्यो छैन राहतको आशा
पानी पर्दा छैन बस्ने पीडितलाई बास

झन् झन् क्षति पुगिसक्यो हावाहुरी चलेर
हरियो वन कालो भयो सबै डढेर

कोहीका छैन बा आमा कोहीका छैन छोरा छोरी
आतङ्कित र त्रास भो नेपाल देशभरी

विज्ञान र प्रविधि विपद् सन्देश छाडौं
दिँदा हुन्छौं अब हामी दुई हात जोडौं

**प्रगतिशिल आमा समूह, पर्वत**

# नारी अघि बढ्नु छ



चित्रः सुस्मिता बटाला, कक्षाः ८
श्री शान्ति उ मा वि, कालीकोट

१) सुन्नुहोला गुरुवर्ग सुन्नु मेरा साथीभाइ
सर्वप्रथम स्वागत गर्छौं हामी सबैलाई ।
हाम्रो मौलिक संस्कृतिलाई जगेर्ना गर्नु छ
देशको विकास गर्नलाई शिक्षा छर्नं छ ।

महिलाहरुले आफ्नो हक हितका लागि शिक्षा आर्जन गरी
आफ्नो भविष्य उज्जवल तर्फ लाग्नुपर्छ ।

२) समयको माग अब नारी अघि बढ्नु छ
आफ्ना हक हितका लागि काम गर्नु छ
सन्तान सबै बराबर छोराछोरी एकै हुन्
सत्य शिक्षा रोजगारी हाम्रा नारा हुन्

कोरिया जस्ता विकसित देशमा गई कृषिकार्य गर्नुभन्दा
नेपालमै बसी आयआर्जन गर्नु उपयुक्त हुन्छ ।
हाम्रो देशमा रहेका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय
संस्थाहरुले भूकम्प वा विपद् न्यूनिकरण वा तालिम
दिन आवश्यक छ ।

४) २०७२ मा हातको त्यो विपद् जनजीवन व्यतितमा
पार्यौ आपत
(दिनुपर्छ सचेत पार्न सेमिनार तालिम) २
(जोखिमबाट बच्नलाई अशिक्षितमा) ३

हाम्रो कानुन भित्र पनि नीति नियमलाई खोतली
महिलालाई हरेक क्षेत्रमा ३३ हकको कार्यान्वयन गर्नुपर्छ ।

५) चुलो चौको भात भान्सामा मात्र होइन छोरीलाई
पुरुषले नि सिके हुन्छ सधैं भरिलाई
ज्ञानगुण विवेकमा नारी पनि कम छैनन्
अवसर पाए अघि बड्छन् कमजोरी छैनन् ।
नेपालको इतिहासलाई फर्केर हेर्दा शक्ति कायम गर्ने
महिलालाई नै समावेश गरिन्छ ।

६) बेरोजगार भ्रष्टाचार दिनहुँ बढ्दै गा को छ
व्यवहारिक हैन कानुन कागजी भा को छ
सुख शान्ति सुक्ष्म हुन्छ यस्तो केशमा

हाम्रो संस्कृतिलाई बढी खर्च गरी नमनाई हामीले तरबरले
विकृति हटाइ मनाउनुपर्छ ।

७) रुच्दैन आटो पिठो पहिरन विदेशीको छ
कुसंस्कार कुरीति बढ्ने गया छ
मनाउनु छ संस्कृति तडकभडक नअपनाई
मौलिकता चाडपर्वमा विकृति हटाई

विभिन्न संघसंस्थाहरु सक्रिय भएर विपद्बाट बचाउनको
लागि तालिम दिनुपर्छ

८) प्रभाव पाऱ्यो पुल भवन ऐतिहासिक स्थलमा विपद्
न्यूनिकरणको ज्ञान अभावमा
विविध संघसंस्थाहरु सक्रिय बनेर हटाऔं अब
जोखिमलाई ज्ञान दिएर ।

**पुजा रिजालको समुह, पर्वत**

# भूकम्पको वेदना

१ आयौं हामी मञ्च छेऊ हिडौं सरासर
गर्छौं हामी सबैलाई स्वागत नमस्कार । ३

२ २०७२ साल वैशाखको महिनामा
विपद्ले सखाप पार्‍यो एकै छिनमा ॥ २

३ सर्वप्रथम गयो कम्पन बारपाक केन्द्र भएर
अकालमा कतिको ज्यान लिएर । २

४ कति भए घरविहीन कति भए अपाङ्ग
अब यसको न्यूनिकरण गर्ने होइन र ॥ २

५ कति गए मरेर नि कति भए घाइते
किन राहत पुर्‍याएनन् नेताहरुले ।

६ कति जनता मरिसके कतिको काख रित्तियो ।
भको धन सम्पत्ती नि सबै नासियो ॥

७ सबै मिली गाउँ घरमा सचेतना जगाऊँ है ।
महामारी रोगको अन्त्य गरौं है ।

८ हाम्रो देशलाई भूकम्परहित बनाउने चमत्कार
यति भन्दै बिदा हुन्छौं हवस् त नमस्कार ॥ ३

**सरिता कार्की, विमला, पुजा किसान, मनिषा को समूह, पर्वत**

# कठै बरा

सधैंभरि दुःखकष्ट छैन हामीलाई चैन
७२ साल भूकम्पको गीत सुन बहिन

भूकम्प जाँदाखेरी बस्ने ठाउँ भएन
पाल र राहतले भाग पुगेन

भूकम्पले डाँडापाखा थरथर थर्कायो
कठै बरा जनताको मन थर्कायो

कोहीको छैन बस्ने बास कोहीको छैन खाने गास
विनाशकारी भूकम्पले पार्‍यो उठीबास

भूइँचालो आइहाल्यो डाँडापाखा घेरेर
स्कूलमा जम्मा भइयो सास फेरेर

कहिले बस्यौं बाटामा कहिले बस्यौं डाँडामा
भात पकाएर खान्छौं भन्दा माटोको भाँडामा
भूकम्पले कति मरे कति भए घाइते
कठै बरा जनताले दुःख पाए ।

**ठकुरी समाज मुमा समुह, पर्वत**

# राहत पाउने आश

राहत पाउने पीडितको आश भएछ
कोही घरबाट विहीन भएर प्रवास भएछ
नेपालको स्वाभिमान जोगाउने भएछ
भूकम्पले धरहरा नै सर्वनाश भएछ ॥

नेपालीको जिउने आधार टुटेपछी
मन दुख्छ आफनै मान्छेबाट छुटेपछी
खुसी, हर्ष, उमङ्ग नेपालीहरुको
सबै कुरा त्यहि भूकम्पले लुटेपछी ॥

गाडी, मोटरको धुवाँले प्रदुषण हुँदैछ यहाँ
विनाकारण जनताको मरण हुँदैछ यहाँ
यही आग्रह गर्छु म सरकारलाई
विपद् जोखिम न्यूनिकरण गर्नु छ यहाँ ॥

**राम वहादुर नेपाली, कक्षा ८**
श्री कालिकास्थान मा.वि, डोटी

# नेपाल आमा

नेपाल आमा कही छ घाम कहिँ छ अँध्यारो
यो मातृभूमी प्राणभन्दा धेरै छ पियारो

दुर्दशा लाग्यो ७२ साल नेपाली आमालाई
बिचल्ली भइन नेपाली आमा नेपाली दाजु भाइ

अचम्मै भयो एक्कासि आयो धरहरा ढलायो
मान्छेको मनमा अशान्ति भयो डर त्रास पलायो

१० हजार मरे २० हजार घाइते सम्पत्ति नासियो
कहीँ बाढी पहिरो कहीँ भवन ढले कहीँ जमिन भासियो

प्रकोप आउँदा घर भवनबाट खुलाचौर जानु है
प्रकोप आउँदा साहस गर्ने हरेश नखानु है

जोखिमलाई नियन्त्रण गरौँ आफू वरपरको
भूकम्पलाई प्रतिरोध गर्ने बनावट घरको

प्रकोपसँग होसियार बन यो त छ अनन्त
प्रकोपलाई कोही ऋतु छैन शिशिर न बसन्त ।

**गणेश राज भट्ट, कक्षा ८**
कालि भैरव मा वि, डोटी



**चित्र: राजन नेपाली, कक्षा ८**
श्री तुलोदय मा वि, पर्वत



**चित्र: विपिन क्षेत्री, कक्षा ८**
श्री तुलोदय मा वि, पर्वत

# तीज



२०७३ साल भदौको महिना
नयाँ तीजको सबैलाई शुभकामना

भूकम्पले संस्कृतिलाई नष्ट पनि गरायो
यसले गर्दा मानिसलाई पीडित बनायो

मान्नुपर्छ परम्परा चाडपर्व र संस्कृति
यो शिक्षाको भलो गरौं हटाउ विकृति

भूकम्प आई देश विकासमा गरेको छ कति क्षति
देशका कयौं जनतालाई पाऱ्यो आपत्ति

यो रमाइलो तीजको भाका नेपालीको संस्कार
यो संस्कृति हटाउने गरौं तिरस्कार

अझैसम्म पाका छैनन् जनताले राहत
राहत दिलाई देश विकाशमा लागौं अब त

पासाङ ल्यामु शेर्पाजस्तै हामी पनि बन्नलाई
यही शिक्षाले विकास गर्छ माथि चढ्नलाई

देश चिनाउने धराहरा नै भूकम्पले ढालेसि
पर्यटकीय सम्बन्धमा भयो विपद्

बाढी पहिरो भूकम्प आई सताइरहन्छ जनतालाई
यसलाई रोक्न जनतालई सहयोग गर्नु है ।

**सबिन भुसालको समूह, पर्वत**

# "विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका"

**बिजय नेपाली कक्षा : १०**
श्री कालिका मा वि, डोटी

कुनै ठाउँमा विपद् जस्ता अप्ठ्यारा कुराहरु देखापर्न सक्छन् । यो विपद्लाई सामना गर्न सक्ने क्षमताको विकास गर्नु अति आवश्यक देखिन्छ । विद्यालय भनेको विद्यार्थीको ज्ञान आर्जन गर्ने एक प्रकारको घर हो । विद्यालय र विद्यार्थीमा अन्तर सम्बन्ध हुन्छ । त्यसकारण विद्यालयको रेखदेख गर्नँ, संरक्षण गर्नँ विद्यार्थीहरुको कर्तव्य हो । यदि विद्यालयमा विपद् जोखिम देखापर्छन् भने ती विपद्हरुको सामना हामी विद्यार्थीहरुले पनि गर्नुपर्छ । हाम्रो विद्यालयको वरिपरि पनि विभिन्न प्रकारका जोखिमहरु आउन सक्छन् । विद्यार्थी भनेको विद्यालयको व्यवस्थापक संञ्चालक र मूल्याङ्कनकर्ता पनि हो । त्यसकारण विद्यालयमा आउने जोखिमहरुमा विद्यार्थीहरुको हात अगाडि बढेको हुनुपर्दछ । विद्यालयमा भएका सम्पूर्ण किसिमका विपद्हरु सम्पूर्ण विद्यार्थी मिलेर त्यसको समाधान गर्नुपर्दछ । विद्यालयले विद्यार्थीहरुलाई ज्ञान, सिप, कार्यदक्षता प्रदान गर्दछ । यही विद्यालय भएन भने विद्यार्थीहरुको जीवन अपूर्ण र अँध्यारो भविष्यमा परिणत हुन्छ । विद्यालयमा आइपर्ने समस्याहरुको लागि विद्यार्थीहरुको भूमिका अत्यावश्यक रुपमा देखापर्छ ।




त्यसकारण विद्यालयमा आइपर्ने विपद्हरुको व्यवस्थापन पनि विद्यार्थीले गर्नुपर्दछ ।

विद्यालयमा आइपरेका सम्पूर्ण समस्याको समाधान र व्यवस्थापन विद्यार्थीहरुले गर्न सकेमा विद्यार्थीहरुको भविष्य उज्जवल हुन्छ । ज्ञान सिप बोध गराउने एक प्रकारको पाटो विद्यालय हो । त्यसकारण विद्यालयको विपद् व्यवस्थापन विद्यार्थीहरु मिलेर गर्नुपर्छ । यसो गर्दा विद्यार्थी सक्षम बन्नुका साथै विद्यालय परिचालन पनि सहि ढङ्गबाट हुन्छ । विद्यार्थी सिपालु, दक्ष शिक्षित बन्दछन् । विद्यालय एउटा पवित्र मन्दिर हो भने विद्यार्थीहरु त्यस मन्दिरका तीर्थयात्रीहरु हुन् । आजकल हाम्रो देशमा विभिन्न किसिमका जोखिमहरु देखापरेका छन् । जस्तैः २०७२ सालको विनाशकारी भूकम्पले कयौं विद्यालय कयौं विद्यार्थी र कयौं शिक्षकहरुको जीवनलाई मरणमा पुऱ्यायो । त्यसकारण यस्तो किसिमको जोखिमबाट हामी विद्यार्थीहरुले विभिन्न प्रकारका अभियान चाल्नुपर्छ ।

विद्यार्थीहरुले यस्तो प्रकारको जोखिम व्यवस्थापन गरेमा विद्यालय सक्षम विद्यार्थीहरुको भविष्य उज्जवल हुन्छ । यस्ता विपद्हरुको व्यवस्थापन विभिन्न माध्यमद्वारा गर्न सकिन्छ । विद्यार्थीहरुको ज्ञान सिप र कार्यदक्षताको विकास पनि विद्यालयले राम्रो किसिमबाट अगाडि बढाउन सक्दछ ।

# “विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका”

**चन्द्रा जोशी   कक्षा : १०**
श्री जनता जनार्द्धन मा वि, डोटी




**चित्रः कबिता थापा, कक्षाः ५**
श्री धारा मा वि, बाग्लुंग

विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिकामा सबै भन्दा पहिले विद्यालयको परिचय दिनु उचित हुन्छ। विद्यालय भन्नाले विद्या आर्जन गर्ने ठाउँ भन्ने बुझिन्छ र विद्यालय दुई शब्द मिलेर बनेको हुन्छ विद्या+लय। विपद् भन्नाले कुनै प्राकृतिक वा मानवद्वारा सिर्जित वा निर्मित घटनाहरुबाट प्राप्त हुने अभिप्राय वा परिणाम हो। व्यवस्थापन भन्नाले कुनै पनि कुरालाई नियन्त्रण गर्ने भन्ने बुझाउँछ। विद्यार्थी भनेको विद्या आर्जन गर्ने व्यक्ति भन्ने बुझिन्छ। आजको यस निबन्ध प्रतियोगिताको शिर्षक “विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका” म आफ्ना विचारहरु प्रष्ट्याउन गइरहे की छु।

विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको अहम् भूमिका हुन्छ किनकी विद्यालयमा गई शिक्षा आर्जन गरी आफना घरघरमा, समाज समाजमा जनचेतना फैलाउने काम उनीहरुको हुन्छ र उनीहरु सबै ठाउँमा जाने र सबैसँग/कसैसँग पनि बोल्न र भन्न नडराउने भएकाले नै उनीहरुको महत्वपूर्ण भूमिका हुन्छ। विद्यार्थीले विद्यालयमा गएर विपद् व्यवस्थापन सम्बन्धी विभिन्न किसिमका कुराहरु सिकेका हुन्छन्। भनिन्छ All is well that ends well। जव विद्यार्थी आजैदेखि सक्रिय रुपमा लाग्छन् भने उनीहरुले भोलि आफनो भविष्यलाई अगाडि बढाइ यो देशलाई चलाउने यो देशका खम्बा वा कर्णधार बन्न सक्छन्। त्यसैले विद्यालयमा विपद् व्यवस्थापनमा विद्यार्थीको अहम् भूमिका रहन्छ। विद्यालयमा विपद् नियन्त्रण गर्नको लागि विद्यार्थीले यो कुरा आफनो विद्यालयमा मात्र होइन की समाजमा, प्रदेशमा, देशमा पुऱ्याउने गर्दछन्। उनीहरुले यो व्यवस्थापन गर्नको लागि तयार हुने र आत्मसाथ गरी लाग्ने हुनाले नै विद्यालयमा विपद् व्यवस्थापनमा महत्वपूर्ण भूमिका हुन्छ। विद्यालयमा भूमिका त शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिको पनि हुन्छ। तर महत्वपूर्ण भूमिका विद्यार्थीको रहेको हुन्छ किनकी शिक्षकले एक घरमा मात्र, त्यसैगरी वि.व्य. स ले पनि एकै घरमा मात्र सन्देश पुऱ्याउने र विद्यार्थीले चाँहि सम्पूर्ण घरघरमा, समाज समाजमा नारा जुलुसहरु लगाएर, पोष्टरहरु टाँस गरेर जनचेतना फैलाएर सबै जनतासामु पुऱ्याउने र सबैभन्दा तल्लोस्तर (समाज) को सचेत वर्ग भएकाले पनि विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ।

विपद्ले मानिसको जीवनको र ठूलो धनजनको क्षति गर्दछ। विपद्लाई नल्याउनको लागि जोखिमलाई तुरुन्तै नियन्त्रण गर्नु पर्दछ। प्रकोप कतिखेर आउँछ, कसैलाई पनि थाहा हुँदैन। यसले जोखिम निम्त्याउँछ, त्यो जोखिमलाई विपद्मा जान नदिनु नै विपद् व्यक्स्थापन गर्नु हो। यसको लागि विद्यार्थीले जनचेतना फैलाउनु आवश्यक छ। विद्यार्थी सबैको घरमा हुने भएकाले नै उनीहरुको महत्वपूर्ण भूमिका रहेको छ। यस्ता कार्यहरुलाई विद्यार्थीले सजिलै सित समस्या समाधान गर्ने भएकाले विद्यार्थीको अहम् भूमिका रहन्छ।

# चमत्कार

विज्ञान र प्रविधिले ल्याएको छ चमत्कार
सर्वप्रथम सबैलाई गर्छौं नमस्कार

२०७२ साल वैशाखमा गएको
धेरै गीत सुनी सक्यौं विपद् भएको

मानिसले गर्दा हो नि यो सबै भएको
देश देशमा सधैंभरि कम्पन भएको

पहिलो पटक कम्पन गयो गोरखा केन्द्र पारेर
दोश्रो पटक कम्पन गयो ध्वस्त पारेर

पहिले पनि देश देशमा लगिदिन्छ विपद्ले
उपचार गर्दागर्दै थाकी सक्यो रे

नाकाबन्दी महँगीले असाध्यै छोको छ
दुःखी पीडित जनताको मन रोको छ

दुःखी पीडित जनतालाई दुःख दिन पाइँदैन
बन्द हड्ताल नाकाबन्दी हामीलाई चाहिँदैन

सरकारले गाउँघरमा ल्याउनुपर्छ चमत्कार
यति भन्दै बिदा हुन्छौं हस् त नमस्कार ।

**प्रेक्षा कार्की, सुस्मिता अधिकारी, धारणाको समूह, पर्वत**



# विपद् आयो

विपद् आयो हामीलाई पाऱ्यो नि त चमत्कार २
सर्वप्रथम गीतबाट गर्छौं नमस्कार ३

१ कस्तो गीत गाए भनि नगर्नु है मुखामुख २
अहिले हाम्लाई प्रकृतिले दियो सारै दुख ३

२ नेपाललाई चिनाउने धरहरा भत्कियो २
विकासका संरचना सबै चर्कियो ३

३ शनिवारको दिन थियो सवैजना घरमा २
७२ सालै बिति गयो डरैडरले

४ घरै भित्र पुरिएर कुर्सी टेबुल समाए
८, १० हजार नेपालीले ज्यानै गुमाए

५ नेपालमा कति हो नि आउने जाने आपत्
आगलागी बाढी पहिरो आउँछ विपद्

६ ठाउँ ठाउँमा वन जङ्गल काले भए डढेर
त्यसै माथि बाढी पहिरो आउँछ बढेर

७ भूकम्प र बाढीले नेपाललाई लिएको
खै त हजुर पीडितलाई राहत दिएको

८ कति सोची बसौ हाम्ले यो देशको रटन
ठाउँ ठाउँमा भएका छन् दुर्घटना

९ भूकम्प भन्दा हाम्लाई लाग्छ किन सारै घिन
नेपालका जनताहरु भए घर विहीन

१० नेपाललाई सुन्दर शान्त बनाउने चमत्कार २
यति भन्दै विदा हुन्छौं हवस् त नमस्कार २

**अविन पौडेल, सुरक्षा अधिकारी, अन्वेश थापा, सबिना कार्की, मनिषा के सी को समूह, पर्वत**

# नारीहरु अघि बढौं



चित्र: पुजा बुढा, कक्षा: ९
श्री सरस्वति मा वि, कालीकोट

नारीहरुको महान पर्व यो तीजको बेलामा
हामी सबको शुभकामना हजुर सबैमा
नारीहरु अघि बढौं हातमा हात राखेर
सभ्य समाज बनाउँ अब एकजुट भएर
चारैतिर शिक्षाले नै देखाको छ चमत्कार
(उपस्थित सम्पूर्णमा गरौं नमस्कार) २
विपद् र प्रकोपले धेरै क्षति निम्त्या छ
धेरै मान्छे मर्ने अहिले कारण भाको छ ।

विपद् र नाकाबन्दी गरौं सबले समाधान
गाउँगाउँमा प्रकोपको चेतना फैलाऊँ ।
भूकम्पले नेपालका सम्पदा नै भत्कायो
(नेपालीको अस्तित्व सबै गुमायो ।) २
शिक्षालाई नै अगालौं है अशिक्षालाई फालेर
समाजका विकृतिलाई पछि फालेर
नेताहरु सँधैभरी गर्छन् कुर्सी तानातान
जनताको स्थितिलाई हेर्दै हेर्दैनन् ।

भ्रष्टाचार र कुरीतीलाई समाजबाट फाल्नलाई
(सुशासनको कायम गरी अघि बढ्नलाई ।) २
चुलो चौको भाषामा नारी ठूलो भनिन्छ
व्यवहारमा नारीलाई दास बनाइन्छ
यो कुप्रथा अन्त्य गर्न बनाई अब व्यवहारिक बन्न
सक्छौं हामी कलम लिन सक्छौं कापी कोर्नलाई
(छिट्टै हाम्रो देशको मुहार फेर्नलाई ।) २
हत्या, हिंसा, दुर्व्यबहार हटाउँ अब नेपालको
सही धारणा राखौं अब धर्मप्रतिको

असल नेता गरौं विपद् बन्धी सामाना
गरिबीलाई रोक्नलाई स्रोत साधन
स्वाभिमानी बनौं अब हामी सबै नेपाली
(आत्मनिर्भर बनौं अब सबै साहसी) २
पहिचान गरौं अब २१ औं शताब्दी
प्राविधिक शिक्षाको गरौं थालनी
मुखले मात्र होइन अब कागजले होइन
व्यवहारले कानुनको गरौं पालना

बेरोजगारी समस्याले नेपाल पछि पऱ्या छ
(अन्ध विश्वास विकृतिले जरा गाड्या छ ।) २
नेपालको धार्मिक रीति पहिचान गरौं है
विदेशबाट कुसंस्कार नभित्राऊँ है
विदेशको दवाबमा नक्कल हामीले नगरौं
नियमबाट धर्मलाई अलग नराखौं
विदेशको कुसंस्कार छाड्ने बाचा राखेर
(ओझेल पर्छौं अब हामी दुई हातजोडेर ) २

**प्रतिमा शर्माको समूह, पर्वत**

# मनको बेथा

हे- पैलो स्वागत गर्छौं हामी निर्णायक मण्डललाई
दोस्रो स्वागत गर्छौं हामी दर्शक सबैलाई

हे- दुःख पीडा बुभ्नु पर्छ सबले हाम्रो भावना
सर्वप्रथम नयाँ तीजको शुभकामना

हे- बैसाख मैना १२ गेत मध्यान्हमा आएर
हाम्रो स्कुल भत्काई दियो टुक्रा पारेर

हे- नेपालको राजधानी काठमाण्डौको सहर
भूकम्पले भत्काई दियो हाम्रो धरहरा

हे- पोहोर साल भूकम्प त अहिले बाढी
पहिरो यो मनमा चोट हजुर पऱ्यो गहिरो

हे- हाम्रो देशमा कति जिल्ला भूकम्पले हानी भो
त्रिपाल मुनी वस्दै जीवन जानी भो
हे- प्रकृति नै रुष्ट बनी नेपाललाई हेरेर
दिन दिनै हल्लाउँछ धोको फेरेर

हे- कति मान्छे मरे हेर कति दुःख कष्टमा
कति मान्छे रुँदै हिंडे खुल्ला दिशामा

हे- माईत जान रहर लाग्दो होला धेरै चेलीलाई
माईती घर भूकम्पले लग्यो बरी लै

हे- मनमा लाको बेथा पोखौं कस्तो लायो कस्तो खोइ
यो मञ्चबाट बिदा हुन्छौं आज्ञा दिनुस् है ।

**मगर समाज पर्वत**

# जोखिमलाई घटाउ सबै मिलेर

१ जोखिमलाई घटाउँ सबै मिलेर
कहिले बाढी, कहिले पहिरो, कहिले छ भूईचालो,
प्रकोप अन्त्य गरौं सबै मिलेर
२ लागौं अब सबै जना जोखिम घटाउन
घर, स्कुल मठमन्दिर सबै बचाउन
३ सयौंजना घाइते भए जोखिमले गर्दा
रोई कराई गर्दै थिए भूकम्पमा पर्दा
४ भूकम्पले नेपालमा गर्नु क्षति गर्यो
नेपालको तेत्रो ठूलो धरहरा ढल्यो
५ बाढि पहिरो रोक्नलाई बृक्षारोपण गरौं
विपत जोखिम न्यूनिकरण गर्न अघि सरौं
६ कति मरे भूकम्पले कति पहिरोले
विपत जोखिम न्यूनिकरण नगर्नाले कहिल्यै
७ एकै घरका ६ सात जना मरे पहिरोले
खाली ठाँउमा वृक्षारोपण गरौं सबैले
८ प्रकोप जोखिम न्यूनिकरण गरौं है चमत्कार
जनचेतना फैलाउँदै विदा पाऊ नमस्कार ।

**अन्जिता ओभा, गौरी ओभा, कक्षा ७**
श्री शारदा उ मा वि, डोटी




# मेरो देश

१. वीर विराङ्गनाको रगतले, आर्जेको मुलुक यो
ऋषिमुनि भगवानको, तपो भूमि हो यो
वीर गोरखाली खुकुरीको भरमा, लडेको इतिहास छ
नेपालको माटोसँग, लुकेको मेरो सास छ ।

२ सुन्दर भूमि एकदिन, भूईचालोले खायो ।
शान्ति थियो जनहरुमा, त्रास मात्र छायो ।
बहत्तर सालको भूईचालो, बाह्र गते सनि ।
धरहरा, दरबार, घर भत्के मन्दिर पनि ।

३. लाग्नु छ सबैले अब, पुनः निर्माणको बारेमा ।
फलाउनु छ हिरामोती, यै नेपाली माटोमा ।
भाषण होइन काम माग, हुने भए त यहाँ ।
दश हजार जनताहरु, माटोसँगै गए त यहाँ ।

संविधान पढ्न पाउँछौं रे, सुशासन भएन यहाँ ।
बलात्कार, बालक मार्ने, कानुन थिएन यहाँ ।

**गौरी मह, कक्षा १०**
श्री कालिका मा वि, डोटी

भाका

# जनचेतना अघि सर्‍यो भूइँचालोले विपद् पार्‍यो

गीतहरु

हावाहुरी भूकम्पले गर्न सक्छ क्षति
विपद् ल्याउने सङ्कट आउने हुन सक्छ यति ।
कहिले आउँछ सङ्कट विपद् थाहा छैन कसैलाई
विपद्लाई नचिनेपछि जोखिम छ उसैलाई ।
नेपालमा भूकम्प आयो २०७२ साल
भूकम्पले क्षति गर्‍यो देशको भयो हाल
प्रकृतिको विपद्ले लिन सक्छ ज्यान
घर घरमा सुचना गरौं बुझि राखौं ज्ञान
सरसफाइ ध्यान दिउँ पारौं झिलि मिली
आपद् विपद् परेपछि एक होऔं सबै मिली ।

**रमिता कार्की, कक्षा ८**
श्री सरस्वति नि मा वि, कालिकोट

# बाढी पिडित

कैलाली जिल्ला सेती अञ्चल
धैर्यनी गाँउ मेरो
कक्षा १० मा अध्ययन गर्छु
गंगा मन्नी हो नाउँ मेरो
बाढी आइ घर डुबाउँछ लान्छ मारी सबैलाई
यस्तो बेला साथ नदिने को होला र पराइ
बाढी आयो भन्दै हुन्छन् घरमा बुबा आमा
यस्तो कुरा बुझी दिने कसको होला मर्म
बाढी पीडित भूकम्पमा परेकाहरुलाई
सबै मिली उद्धार गरौं धर्म हुन्छ हामीलाई
बाढी पीडित भूकम्प र आगलागीबाट जोगाउनु छ
गाउँ गाउँ सहरमा जनचेतना जगाउनु छ ।

**गंगा मन्नी, कक्षा १०**
श्री रघुनाथ आदर्श मा वि, कैलाली



## देश

हातहरु चल्दै छन् चल्नुपर्छ अझै
यो देशको शिर उच्च पार्न पढ्नुपर्छ अझै ।
चारैतिरबाट हिमाल पहाडले भरिएको हाम्रो देश
फरक छन् रितिरिवाज, फरक छन् भेष ॥

यहि देशको लागि बगाए हाम्रा पूर्खाले रगत पसिना
अझै छ मेरो कविता बाँकी ल्याउन छ साथीहरु सुन न
बस न ।
यहि देशको माटोमा भयो बुद्धको जन्म
धनीको त सबै थोक गरिबको कसले बुझिदिन्छ मर्म ॥

हाम्रो देशको नेताले देशमा विकास ल्याउँछु भनि
जनतालाई फकाए
अन्त्यमा त जनतालाई यता न उता बनाए ।
सबैको एउटै मर्म एउटै मुटु त्यहि पनि किन गर्छन्
यहाँ व्यक्ति व्यक्ति बीच भेदभाव
यति भन्दै बिदा माग्न चाहन्छु हजुरहरु माझ ।
केही भनि बिराए भने क्षमा गर्नहुन्छ भन्ने आशा छ
मलाई ।

**कल्पना जि.एम, कक्षाः ८**
श्री दुर्गा भवानी मा वि, बाँके

## प्रकोप

"प्राकृतिक प्रकोप बारे सोचौं"
प्राकृतिक प्रकोप विनासको बोझ
प्रकृतिलाई भयो कि क्या हो, धेरै लोड ।
थाहै नदिई आइदिन्छ आपत र विपद्
थाहै दिएर आए पनि हामी मानिसको के तागत ।
प्रकृति नै वासथली प्रकृति नै गाँस
प्राकृतिक प्रकोप यसरी किन बढिरहेको छ आज ।
मानिसले सकेनन आपत र विपतलाई रोक्न
अब चाडैं आवश्यक भइसकेको छ प्रकृतिवारे बुझ्न ।
भूकम्प, बाढी, पहिरोले प्राकतिको नास
यसरी प्रकृति प्रकोप भईराखे कहाँ होला हामी
मानिसको बास ।
नसके पनि रोक्न छेक्न कम गर्न सकौं
आपत विपद् सामना गर्दै सबैले निकास गरौं ।
नभनी भोली काममा आजैदेखि लागौं
आपत विपद् सामनाका लागि बचत गरी राखौं ।
व्यवस्थित वाँस बसौं खोलानाला नथुनी
दुख विपद् पर्दा सबै एक नभई नहुने ।
आपत विपद्मा सबैलाई सहयोग गरौं
विपद् न्यूनिकरणमा सबै एकजुट भई अगाडी बढौं ॥

**नरेन्द्र रेग्मी, कक्षा १०**
श्री रघुनाथ आर्दश उ.मा.वि, कैलाली

# चित्रहरु



**अञ्जीला चौधरी,** कक्षा : ७
श्री तुलोदय मा वि, पर्वत



**प्रिन्सेज शर्मा,** कक्षा : ७
श्री तुलोदय मा वि, पर्वत



**राजन नेपाली,** कक्षा : ८
श्री तुलोदय मा वि, पर्वत



**बाणिल सुनार,** कक्षा : ७
श्री तुलोदय मा वि, पर्वत



**दिपक थापा,** कक्षा : ६
श्री तुलोदय मा वि, पर्वत



**अमृत सुनार,** कक्षा : ६
श्री तुलोदय मा वि, पर्वत



**मानबहादुर बटाला,** कक्षाः ८
श्री नन्दा देवी नि मा वि, कालिकोट




**खिमा डँगौरा,**कक्षाः ७
श्री वी पी स्मृति नि मा वि, कैलाली




**विनिता चौधरी,** कक्षाः ८
श्री वी पी स्मृति नि मा वि, कैलाली



**विमल सिराडि,** कक्षाः ७
श्री वी पी स्मृति नि मा वि, कैलाली



**राधिका थापा,** कक्षाः ७
श्री वी पी स्मृति नि मा वि, कैलाली





“यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरुको बारेमा यस प्रकाशनमा उल्लेख गरिएको छ। यूरोपियन यूनियनका आधिकारीक धारणाको रुपमा कुनै पनि किसिमले यहाँ व्यक्त विचारहरुलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन ।”